स्व-भुक्तानी छूट नीति
नीति नं. सिसि१०.९०३९जि (Policy# CC10.9039G)

नीतिको उददेश्य:

यस नीतिको उद्देश्य भनेको गाइसिन्गरभित्र मेडिकल रूपमा आवश्यक सेवाहरू प्राप्त गर्ने सबै योग्य अबीमित बिरामीहरूका लागि प्रदान गरिने समग्र(कुल) छूटका लागि योग्यता परिभाषित गर्नु हो। यो नीति गाइसिन्गर तथा सबै सहायक सङ्गठनहरू र गाइसिन्गरभित्रका सबै कार्यक्रमहरूमा लागू हुन्छ। गाइसिन्गर अवैतनिक स्याहार नीति अन्तर्गत राहतका लागि योग्य नहुने अबीमित बिरामी जनसङ्ख्यालाई कुल शुल्कहरूमा ३०%को छूट दिएर सहयोग गर्न गाइसिन्गर प्रतिबद्ध छ। यो छूट आधारभूत मेडिकल सेवाहरूका लागि मात्र लागू हुनेछ। कस्मेटिक तथा निश्चित वैकल्पिक सेवाहरू यस नीति अन्तर्गत कभर गरिँदैनन्।

यो नीति गाइसिन्गर अवैतनिक स्याहार नीतिसँग परस्पर भिन्न छ।

प्रक्रियाका चरणहरू:

यो नीति ती बिरामीहरूका लागि लागू हुँदैन जो "अल्पबीमित" छन् वा ती बिरामीहरूका लागि लागू हुँदैन जसको स्वास्थ्य बीमा छ जसको गोजी बाहिरको जिम्मेवारी कभर-नगरिएको सेवा, सह-भुक्तानी, सह-बीमा वा कटौतीको रकमबाट प्राप्त गरिन्छ। बाहिरका प्रदायकहरूद्वारा प्रदान गरिएका सेवाहरू यस नीति अन्तर्गत कभर गरिँदैनन् र छूट सम्बन्धी प्रश्नहरू सोझै प्रदायकलाई सोध्नुपर्नेछ(जस्तै करारजन्य रेनल डायालाइसिस सुविधाहरू, दीर्घकालीन अल्प स्याहार सुविधाहरू)। योग्य बिरामीहरूलाई प्रदान गरिएको सेवाहरूका लागि कुल शुल्कमा बिल गरिनेछैन। लागूयोग्य बिलिङ प्रणालीमा बिलिङ स्टेटमेन्ट तयार पार्ने बेलामा शुल्कहरू समायोजन गरिनेछ र समायोजित ब्यालेन्स बिरामीलाई वा ग्यारेन्टीकर्तालाई बिल गरिनेछ।

परिभाषाहरू:

- **अवैतनिक स्याहार:** परोपकार स्याहार। स्थापित मापदण्ड पूरा गर्ने व्यक्तिहरूलाई सितैमा प्रदान गरिने स्वास्थ्यस्याहार सेवाहरू।
- **आधारभूत मेडिकल सेवाहरू:** आकस्मिक कक्षमा प्रदान गरिने मेडिकल सेवाहरू; त्यस्तो अवस्थाका लागि सेवा जसलाई तुरन्त उपचार गरिएन भने, त्यसले स्वास्थ्य स्थितिमा प्रतिकूल परिवर्तन गराउँछ; जीवन खतरामा पार्ने परिस्थितिहरूको प्रतिक्रियामा प्रदान गरिने गैर-वैकल्पिक सेवाहरू; जीवन खतरामा पार्ने परिस्थितिहरूको प्रतिक्रियामा प्रदान गरिएको वैकल्पिक सेवामा मूल्याङ्कन गरिएका मेडिकल रूपमा आवश्यक सेवाहरू; गाइसिन्गरको निर्णय अनुसार हरेक केसका आधारमा मूल्याङ्कन गरिएका मेडिकल रूपमा आवश्यक सेवाहरू।
    - कस्मेटिक सेवाहरू, कृत्रिम गर्भाधान, ठोस अङ्ग र हाडे-मासी प्रत्यारोपण, र/वा कस्मेटिक दन्त पुनर्निर्माण सामेल छैनन्।
- **अबीमित बिरामी:** त्यस्तो व्यक्ति जो कुनै पनि लागूयोग्य राज्य सरकारी वा अन्य तेस्रो पक्ष बीमा कार्यक्रमद्वारा कभर गरिएको छैन।
- **अल्पबीमित बिरामी:** त्यस्तो व्यक्ति जसको बीमा त छ तर गोजी बाहिरका मेडिकल खर्चहरू कभर गर्नका लागि जससँग आर्थिक स्रोतहरू छैनन्।
- **पिएफसि:** बिरामीको आर्थिक परामर्शदाता

जिम्मेवारीहरू:

राजस्व व्यवस्थापनले यो नीति लागू गर्नेछ।

उपकरण/आपूर्तिहरू:

लागू हुँदैन

प्रक्रिया:

योग्यताका लागि मापदण्ड:

- गाइसिन्गर अवैतनिक स्याहार नीति अन्तर्गत बिरामी छूटहरूका लागि योग्य छैन।
- सबै योग्य **अबीमित बिरामीहरूले**, कस्मेटिक वा अन्य वर्जित वैकल्पिक प्रक्रियाहरू प्राप्त गरिरहेका बाहेक, सेवाहरू प्रदान गरिसकेपछि कुल शुल्कहरूमा ३०% छूट पाउनेछन्।
- यस नीतिका निमित्त अबीमित छूटहरू निम्नका लागि लागू हुनेछैनन्:
    - अल्पबीमित भनी वर्गीकरण गरिएका बिरामीहरू
    - राज्य, फेडेरल वा अन्य तेस्रो-पक्ष कार्यक्रमका लागि योग्य हुने बिरामीहरू
    - अमिस र मेनोनाइट बिरामीहरू (यस समूहलाई अमिस र मेनोनाइट नीति अन्तर्गत छूट प्रदान गरिन्छ)
    - स्वास्थ्य बीमा बजारमा अनुदानका लागि योग्य बिरामीहरू
    - बाँकी रहेको सहबीमा, को-पे, कभर नगरिएका सेवाहरू वा कटौती रकम भएका बीमा भएका बिरामीहरू
- अबीमित छूट प्रदान गरिएका र भुक्तानी व्यवस्थापनमा प्रवेश गराइएका जुनसुकै बिरामीले भुक्तानी करार वा अबीमित रकमको भुक्तानी नहुने जोखिमको सम्मानका लागि सद्भावपूर्ण प्रयास गर्नुपर्नेछ।

छूट मार्गदर्शनहरू:

- बीमा नभएको निश्चित गरिएका बिरामीहरूलाई एउटा शैक्षिक पुस्तिका प्रदान गरिनेछ जसले अबीमित छूट नीतिका प्रमुख बुँदाहरूलाई प्रकाश पार्नेछ।
- बिरामीहरूलाई स्व-भुक्तानी आर्थिक श्रेणी र बीमा योजना सहित लागूयोग्य बिलिङ प्रणालीमा रजिस्टर गरिनेछ, जसको अभिप्राय अबीमित छूटका लागि योग्यता हुन्छ
- पिएफसिले बीमा नभएका बिरामीहरूलाई मेडिकल सहयोग वा अन्य लागूयोग्य कभरेज विकल्पहरू (जस्तै - कोब्रा, सिएचआइपि, वा अन्य कुनै ब्यापारिक वा सरकारी योजना) प्राप्त गर्न सहयोग गर्नेछ। अतिरिक्त लाभहरू खोजी गर्न नचाहने बिरामीहरू अबीमित छूटका लागि योग्य नहुन सक्छन्
- तेस्रो पार्टी कभरेज सहित उपस्थित भएका बिरामीहरू जसलाई पछि अबीमित निर्धारण गरिन्छ, तिनलाई अतीतलक्ष्यी रूपले छूट प्रदान गरिन्छ।
- कुनै सरकारी कार्यक्रमका लागि योग्यता निर्धारण गर्न पिएफसिले बिरामीको जनसाङ्ख्यिक प्रोफाइल र आय समीक्षा गर्नेछ
- प्रदान गरिएको छूटको रकमलाई बिरामीको स्टेटमेन्टमा "अबीमित छूट" राजस्वबाट कटौती हुने भनी गणना गरिनेछ
- परिमार्जनका लागि विचार गर्न छूटको प्रतिशतलाई कम्तीमा वार्षिक रूपमा समीक्षा गरिनेछ।

कागजपत्र जानकारी

विकसित	*परिमार्जित/समीक्षा गरिएको**	*स्रोत*	*स्वीकृत गर्ने र मिति*
०५/१६/२०१४	०४/०४/२०१८	राजस्व व्यवस्थापन विभाग सुपरिवेक्षक	भिपि, राजस्व चक्र (रेभेन्यु साइकल)
फाइलको नाम: O:\home\C\Bs\PUB\RC Policies & Procedures\ADMINISTRATIVE\ sys_grl_10_9039g.html			